## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः१ मितिः २०७९/०६/१३

भाग-२

रघुगंगा गाउँपालिका

## प्रतिफलमा आधारित कृषक प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

## "प्रतिफलमा आधारित कृषक प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९"

प्रस्तावनाः रघुगंगा गाउँपालिकाको कृषि क्षेत्रको व्यावसायिकरण मार्फत् प्रमुख कृषिजन्य वस्तुहरुको उत्पादकत्व तथा उत्पादन वृद्धि गरी आन्तरिक माग पूर्ति गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न तथा कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी उत्पादन लागत न्यूनीकरण गर्दै सरकारी अनुदानमा वास्तविक कृषकहरुको पहुँचलाई सुनिश्चित गर्नुपर्ने आवश्यकता महसुस गरी यस गाउँपालिकाको नीति तथा कार्यक्रममा कृषि क्षेत्रमा प्राथमिकता दिइएकाले प्रतिफलमा आधारित प्रोत्साहन अनुदान वितरण प्रणालीलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न, रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१। यो कार्यविधिको नाम **"प्रतिफलमा आधारित कृषक प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९"** रहेको छ।

२। यो कार्यविधि स्वीकृत भएपछि रघुगंगा गाउँपालिका भर लागू हुनेछ।

३। परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क। **"कार्यक्रम"** भन्नाले विधिन्न कृषिजन्य उत्पादनको प्रतिफलमा आधारित कृषक प्रोत्साहन अनुदान कार्यक्रम सम्झनु पर्छ। यो शब्दले बजारीकरण आधारित अनुदान कार्यक्रमलाई समेत जनाउदछ।

ख। **"कृषक"** भन्नाले व्यावसायिक रुपमा कृषि जन्य उत्पादन गरि कार्यक्रममा सहभागी हुन इच्छुक व्यक्ति, कृषक समूह, कृषि सहकारी संस्था, कम्पनी तथा फर्म सम्झिनु पर्दछ।

ग। **"गाउँपालिका"** भन्नाले रघुगंगा गाउँपालिका लाई सम्झिनु पर्दछ।

घ। **"कृषि शाखा"** भन्नाले रघुगंगा गाउँपालिका कृषि शाखालाई सम्झिनु पर्दछ।

ङ। **"कृषि सेवा केन्द्र"** भन्नाले गाउँपालिका भित्रका विभिन्न वडाहरुमा रहेका कृषि सेवा केन्द्रलाई सम्झिनु पर्दछ ।

च। **"लाभग्राही"** भन्नाले कार्यक्रममा आवद्ध भई अनुदान प्राप्त गर्ने वा गरेको कृषकलाई सम्झिनु पर्दछ।

छ। **“समिति”** भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठीत अनुदान व्यवस्थापन तथा प्राविधिक समिति सम्झिनु पर्दछ।

## परिच्छेद-२

४। **अनुदान व्यवस्थापन तथा प्राविधिक समिति** : गाउँपालिकामा देहाय बमोजिम अनुदान तथा व्यवस्थापन तथा प्रविधिक समिति रहनेछः-

१.प्रमुख प्रशासकीय अधिकृत- संयोजक

२.योजना शाखा प्रमुख- सदस्य

३.पशु सेवा शाखा प्रमुख- सदस्य

४.कृषि शाखा प्रमुख- सदस्य सचिव

५। **समितिको काम कर्तव्य र अधिकार :** दफा ४ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ :-

१। कार्यक्रमको प्रभावकारी कार्यन्वयनको लागि समन्यव, निरीक्षण तथा अनुगमन गर्ने

२। प्रचलित कानून बमोजिम कार्यक्रम संचालनका लागि क्षेत्र निर्धारण गर्ने तथा आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु निर्धारण गर्ने,

३। प्राप्त आवेदनहरुको मूल्यांकन गरी लाभग्राहीहरुको सम्भावित नामवली तयार तथा सार्वजनिक गर्ने,

६। **कार्यक्रम तर्जुमा र कार्यान्वयनः** १. यो कार्यक्रम संचालनका लागि गाउँपालिकाले कार्यक्रममा नै समावेश हुने गरि बजेटको व्यवस्था गर्नेछ ।

२. दफा ६ को उपदफा (१) बमोजिम कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाले १७ दिन समयावधि दिई सार्वजनिक सूचना प्रकाशन गरी कार्यक्रममा सहभागी हुन इच्छुक कृषकहरुको आवेदन माग गर्नेछ ।

३. उपदफा (२) बमोजिम प्रकाशित सूचना अनुसार कार्यक्रममा सहभागी हुन इच्छुक कृषकहरुले अनुसूची-१ बमोजिमको ढाँचामा गाउँपालिका वा कृषि सेवा केन्द्रमा आवेदन पेश गर्नु पर्नेछ ।

४. उपदफा (३)बमोजिम आवेदन पेश गर्ने कृषकहरुले विभिन्न बाली तथा व्यवसायका लागि अनुसूची-२ बमोजिमका मापदण्ड पूरा गर्नु पर्नेछ ।

५. उपदफा (४) मा तोकिएको मापदण्ड नपुग हुने कृषकहरुले, समूह मार्फत् एकमुस्ठ आवेदन गर्न सक्नेछन् ।

६. उपदफा (३) बमोजिम प्राप्त भएका आवेदनहरु मुल समिति समक्ष पेश गरी अनुसूची-३ बमोजिमको मुल्यांकनका आधारमा लाभग्राही छनौट गरिनेछ ।

७। <u>अनुदान रकम</u>: यस कार्यक्रम अन्तर्गत दफा ६ को उपदफा (४) र (५) अनुसारको मापदण्ड पूरा गरी व्यावसायिक उत्पादन गर्ने कृषकलाई अनुसूची-२ बमोजिम अनुदान रकम प्रदान गरिनेछ ।

## परिच्छेद-३

## <u>कार्यक्रमको अनुगमन, मूल्यांकन तथा प्रतिवेदन</u>

८। **कार्यक्रमको अनुगमन,मुल्यांकन, तथा प्रतिवेदनः**

१. यस कार्यविधि अनुसार संचालित कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नेमुख्य जिम्मेवारी सम्बन्धित कृषि शाखाको हुनेछ ।

२. संचालित कार्यक्रमको गाउँपालिकाले जुनसुकै समयमा अनुगमन तथा निरिक्षण गर्न सक्नेछ।

३. अनुगमन मुल्यांकन समिति गाउँपालिकाको अनुगमन मूल्यांकन समिति बमोजिम नै हुनेछ ।

## परिच्छेद-४

## <u>कार्यक्रमको मूल्यांकन, नापजाँच र फरकफारक</u>

९। <u>कार्यक्रमको प्राविधिक मूल्यांकन, जाँचपास र फरकफारकः</u> १. यस कार्यविधि बमोजिम लाभग्राहीका रुपमा छनौट भई कार्यक्रम संचालन गरेका लाभग्राहीले बाली बस्तुको उत्पादन लिनु वा बिक्रि गर्नु भन्दा १ महिना अगाडी अनुसूची-४ बमोजिम स्थलगत अनुगमन तथा उत्पादन एकिन गरी पाउँ भनी कार्यालय समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

२. उपदफा (१) बमोजिम निवेदन प्राप्त भएको १ महिना भित्र पालिकाले कार्यालयका प्राविधिक, प्रतिस्पर्धी उत्पादक कृषक तथा अन्य सरोकारवालाहरुको रोहोवरमा स्थलगत रुपमा कुल

उत्पादनको एकिन गरी त्यसका आधारमा कृषकले प्राप्त गर्ने अनुदान रकम स्पष्ट रुपमा खुल्ने गरी अनुसूची-५ बमोजिमको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

३. उपदफा (२) बमोजिम खटिएको टोलीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनका आधारमा केन्द्रले प्रचलित कानून बमोजिम लाभग्राहीको बैंक खातामार्फत् अनुदान रकम भुक्तानी गर्नेछ ।

४. भुक्तानी तथा आर्थिक विषय सम्बन्धमा यस कार्यविधिमा लेखिएको हकमा यसै बमोजिम र नलेखिएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-४
## विविध

१०। **कार्यक्रम रद्द गर्न सकिनेः** १. प्राविधिक सरसल्लाह तथा सुझावको पालना नगर्ने लाभग्राहिको सम्झौता रद्द गर्न सकिनेछ तथा सो अवस्थामा गाउँपालिकाले कुनै पनि अनुदान रकम भुक्तानी गर्ने छैन ।

११। **लाभग्राहीको अभिलेखः** गाउँपालिकाले यस कार्यविधि बमोजिम लाभग्राहिको अभिलेख अनिवार्य रुपमा राख्ने तथा सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्नेछ ।

१२। **प्रचलित कानून बमोजिम हुनेः** प्रचलित कानूनको सर्वसान्यतामा प्रतिकुल नहुने गरी यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

<u>अनुसूची -१</u>

(दफा ६ को उपदफा (३) संग सम्बन्धित)

<u>आवेदनको ढांचा</u>

**श्रीमान् प्रमुख प्रशासकीय ज्यू ,**
**रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**
**मौवाफाँट, म्याग्दी ।**

विषयः ....................कार्यक्रममा समावेश गरिदिनु हुन ।

महोदय, प्रस्तुत विषयमा तहाँ कार्यालयबाट आ.व. २०...../.... मा .......... कार्यक्रममा म/हामि संलग्न भई कार्यालयले तोके बमोजिमको प्राविधिक सर-सल्लाह.................खेति विस्तार गर्न ईच्छुक भएको हुँदा उक्त कार्यक्रममा समावेश गरी दिनु हुन अनुरोध गर्दछु/गर्दछौ । साथै सोका लागि आवश्यक कागजातहरुसमेत यसै आवेदन साथ पेश गरेको व्यहोरा अनुरोध छ ।

क। आवेदकको कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कम्पनीको नामः

ख। आवेदक कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कम्पनीको ठेगानाः

ग। ..........व्यवसाय विस्तार गर्ने जग्गाको ठेगानाः

घ। ......... व्यवसाय विस्तार गरिने परिमाणः क्षेत्रफल..........हेक्टर,.... संख्या

ङ। आवेदकको कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कम्पनीको आधिकारीक व्यक्तिको हस्ताक्षर र छापः

संलग्न कागजातहरु

१। कृषक समूह,कृषि सहकारी संस्था/कम्पनी/फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि

२। कृषक समूह,कृषि सहकारी संस्था/कम्पनी/फर्मको निर्णयको प्रतिलिपि

३। नागरिकता र लालपूर्जाको प्रतिलिपि

४। तिरो तिरेको रसित

५। व्यावसायिक पानको प्रति

## अनुसूची -२

(दफा ६ को उपदफा (४) र दफा ७ संग सम्बन्धित)

### विभिन्न बाली तथा उत्पादनको मापदण्ड र अनुदान रकम

| क्र.स | बाली/वस्तु | कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड | अनुदान | कैफियत |
|---|---|---|---|---|
| १ | रैथाने बालीहरु (लट्टे,फापर, कागुनो, राजमा) | न्यूनतम १ रोपनी जग्गामा खेति गर्नुपर्ने | उत्पादन परिमाणका आधारमा रु. १० प्रति के.जी. | |
| २ | टनेलभित्र लगाईएका तरकारी बालीहरुको हकमा | न्यूनतम २५० बर्गमिटर क्षेत्रफलमा प्लाष्टिक घरमा खेति गर्नुपर्ने | प्रत्ति २५० बर्गमिटर क्षेत्रफलमा खेति गरेबापत रु. १००० | |
| ३ | मह | कम्तीमा १० घार मौरी पालेको | प्रति के.जी रु.५० | |
| ४ | भटमास | भटमास बालीको एकल खेतीमा लाइनमा न्युनतम २ रोपनीमा खेति वा मिश्रित | एकल खेतीमा प्रति के.जी रु. १०<br>मिश्रित खेतीमा प्रति के.जी रू. ५ | |
| ५ | फलफूल बिरुवा बिजु | न्युनतम २५,००० बिरुवा उत्पादन गर्नुपर्ने | २५,००० भन्दा बढी बिरुवा उत्पादन गरेमा थप बिरुवाका लागि प्रति बिरुवा रु.५ | |
| ६ | फलफूल बिरुवा कलमी | न्युनतम १०,००० बिरुवा उत्पादन गर्नुपर्ने | बढी बिरुवा उत्पादन गरेमा थप बिरुवाका लागि प्रति विरुवामा रु.१० | |

| | | | | |
|---|---|---|---|---|
| ७ | फलफुल बगैंचामा बिरुवा स्याहार अनुदान | गाउँपालिकाको मापदण्ड अनुसार रेखांकन गरि न्यूनतम १०० बिरुवा रोपेको हुनुपर्ने | रोपेको १ बर्ष पछिको - बोट रु.१०० प्रतिबोट | |
| ८ | तरकारी | न्यूनतम ३ रोपनी जग्गामा खेति गर्नुपर्ने | ३ रोपनी भन्दा बढी खेति गरेमा प्रतिरोपनी रु.१००० | |
| ९ | तोरी | न्यूनतम ३ रोपनी जग्गामा खेति गर्नुपर्ने | प्रतिरोपनी रु.१००० | |

## अनुसूची -३

(दफा ६ को उपदफा (६) संग सम्बन्धित)

## मूल्यांकनका आधारहरु

| क.स | मूल्यांकनका आधारहरु | अंकभार |
|---|---|---|
| १ | माग गरेको क्षेत्रमा व्यावसायिक खेतीको प्राविधिक सम्भावना | २५% |
| २ | सडक, सिचाई सुविधा भएको | २५% |
| ३ | सामूहिक रुपमा जग्गाको चक्लाबन्दी गरी खेति गर्ने | २५% |
| ४ | लक्षित समुदाय | २५% |

<u>अनुसूची -४</u>

(दफा ९ को उपदफा (१) संग सम्बन्धित)

<u>स्थलगत अनुगमन तथा अनुमानित उत्पादनको आंकलन गरी पाउँ भन्ने निवेदनको ढांचा</u>

**श्री प्रमुख ज्यू ,**
**रघुगंगा गाउँपालिका,**
**मौवाफाँट, म्याग्दी ।**

विषयः <u>स्थलगत अनुगमन गरि बाली कटानी गरी पाउँ</u> ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयको मिति...............मा ...................बालीको प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रम संचालन गर्नका लागि प्रकाशित सूचना बमोजिम........ क्षेत्रफलमा ..... खेति गर्ने कार्य सम्पन्न गरी अनुमानित उत्पादन परीमाणको आंकलन समेत गरी दिनुहुन हार्दिक अनुरोध गर्दछु/गर्दछौ ।

<u>आवेदक</u>
<u>नामः</u>
<u>ठेगानाः</u>

## अनुसूची -६

(दफा ९  को उपदफा (२) संग सम्बन्धित)

## बाली कटानी तथा कार्य सम्पन्न प्रतिवेदनको नमूना

| क.स | विवरण | |
|---|---|---|
| १. | कृषकको नामः | |
| २. | ठेगानाः | |
| ३. | ...... खेति गरिएको जग्गाको क्षेत्रफल<br>वा मौरीको घरको संख्याः<br>वा उत्पादन गरिएको फलफूल बेर्ना संख्या | ......कठ्ठा<br>........घार<br>........संख्या |
| ४ | बाली कटानी गरिएको क्षेत्रफलः<br>वा मह निकालिएको घार संख्या<br>वा....... | ........वर्ग मिटर<br>.........घार<br>........... |
| ५ | जम्मा उत्पादन | .........के.जी /वर्ग मिटर<br>........के.जी./घार |
| ६ | जम्मा अनुमानित उत्पादनः | |
| ७ | प्रति के.जी. अनुमानित उत्पादनः | |
| ८ | जम्मा अनुदान रकम रु. | |

तयार गर्ने    काम गर्ने    जाँच गर्ने    सदर गर्ने

आज्ञाले
कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत